# गत वर्ष ७३ वटा प्रेस स्वतन्त्रता हननका घटना




**सौर्य समाचार**

काठमाडौं । विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा नेपालमा पनि विभिन्न कार्यक्रम गरी मनाइएको छ । नेपाल पत्रकार महासंघले प्रेस स्वतन्त्रता र पत्रकार सुरक्षासम्बन्धी वार्षिक प्रतिवेदन सार्वजनिक गर्नुका साथै लैंगिक समानता पुरस्कार वितरण गरेको छ ।

मे ४ सन् २०२४ देखि २०२५ अप्रिल ३० सम्म महासंघको सञ्चार अनुगमन एकाइमा अभिलेख भएका घटनाको प्रतिवेदन सार्वजनिक गरिएको हो । कार्यक्रममा प्रमुख अतिथि एवं राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले पत्रकारहरू मानवअधिकारको रक्षक रहेको भन्दै त्यसमा सहकार्य गरी अघि बढ्नुपर्ने बताए । उनले मानवअधिकारको पक्षमा क्रियाशील सबै एक भई सरकारलाई दबाब दिन सके मात्र मानवअधिकार थप सुदृढ हुनेमा जोड दिए ।

महासंघकी अध्यक्ष निर्मला शर्माले यस वर्ष प्रेस स्वतन्त्रता हननका ७३ वटा घटना अभिलेख भएको बताइन् । उनले गत वर्षको तुलनामा यस वर्ष प्रेस स्वतन्त्रता हननका घटनामा वृद्धि भएको बताउँदै ७३ वटा घटनामा २ जना पत्रकारको हत्या भएको जनाइन् । गिरफ्तारी २, कब्जा तथा अवरोध ९, पत्रकार दुर्व्यवहार तथा धम्कीका २४, आक्रमणका २० वटा घटना छन् । यस्तै, पेसागत असुरक्षाका १६ वटा घटना रहेको उनले जानकारी दिइन् ।

नेपाल पत्रकार महासंघका पूर्वसभापति हरिहर विरहीले प्रेस स्वतन्त्रताको दुरुपयोग भएको गुनासो बढिरहेको भन्दै त्यसतर्फ सोच्नुपर्ने बताए । उनले राज्यले नियमनका नाममा नियन्त्रण गर्छ कि भन्ने त्रास बढिरहेको भन्दै सजग रहनुपर्ने धारणा राखे । कार्यक्रममा चैत १५ गते तिनकुने घटनामा मारिएका पत्रकार सुरेश रजकका सम्बन्धमा महासंघले तयार पारेको प्रतिवेदन पनि सार्वजनिक गरिएको छ । महासंघका उपाध्यक्ष उमिद बागचन्दको अध्यक्षतामा गठित छानबिन समितिले तयार पारेको प्रतिवेदन सार्वजनिक गरिएको हो ।

महासंघले तिनकुने घटनामा पत्रकार सुरेश रजकको हत्या, सञ्चारमाध्यममाथि आगजनी र आक्रमण, शिक्षक आन्दोलनमा समाचार संकलनका क्रममा पत्रकार सविना कार्कीमाथि भएको ज्यादती, धरानका पत्रकार गोपाल दाहालमाथि स्थानीय सरकार प्रमुखबाटै भएको भौतिक आक्रमणको धम्की तथा मानसिक यातनाको घटनाका कारण विस्थापित हुनुपरेको घटनामा खेद प्रकट गरेको छ ।

त्यसैगरी, महासंघले लैंगिक समानता तथा सामाजिक समावेशिता पुरस्कार २०८२ बाट सामुदायिक रेडियो टीकापुर एफएम १०१ मेगाहर्ज कैलालीलाई सम्मान गरेको छ ।

# एकजुट भएर अघि बढ्न एनआरएनलाई परराष्ट्रमन्त्रीको आग्रह

**सौर्य समाचार**

काठमाडौं । परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले गैरआवासीय नेपालीहरूलाई एकजुट भई अघि बढ्न आग्रह गरेकी छिन् । शनिबार काठमाडौंमा आयोजित गैरआवासीय नेपाली संघ (एनआरएनए) उच्चस्तरीय समितिले आयोजना गरेको एकता महाधिवेशनमा सम्बोधन गर्दै उनले संस्थाभित्र राजनीति नगरी एकताबद्ध भई अघि बढ्न आग्रह गरेकी हुन् ।




उनले भनिन्, 'एनआरएनए राजनीति गर्ने संस्था होइन, तपाईंहरू आफू आबद्ध पार्टीमा राजनीति गर्न सक्नुहुन्छ । संस्थाको पवित्र उद्देश्य पूरा गर्न निःस्वार्थ भावनाका एकताका लागि जुट्न म तपाईंहरूलाई आग्रह गर्दछु ।' उनले एनआरएनको उद्देश्य पूरा गर्न एकबद्ध भई सक्रियतापूर्वक लाग्न र त्यसका लागि आफू र परराष्ट्र मन्त्रालयले आवश्यक सहजीकरण गर्ने प्रतिबद्धता जनाइन् ।

उनले पछिल्लो समय एनआरएनएमा विवाद देखिएको र उक्त विवाद समाधानका लागि सर्वोच्च अदालतको आदेशअनुसार भइरहेको एकता महाधिवेशनलाई सफल पार्न भूमिका खेल्ने सबै धन्यवादको पात्र भएको उल्लेख गरिने । 'तपाईंहरूले आफूभन्दा ठुलो संस्था र संस्थाभन्दा ठुलो देश हो भन्ने भावना बोकेकै कारण अहिले एकता महाधिवेशन सम्भव भएको हो,' उनले भनिन्, 'तपाईंहरू राजनीति गरेर मन्त्री र प्रधानमन्त्री बन्ने होइन । गैरआवासीय नेपालीहरूको हितका लागि हो, त्यसैले संघमा राजनीति मिसाउनु उचित होइन ।' उनले संघभित्र भएका मतभेद त्यागेर एकताका साथ एनआरएनएको उद्देश्य पूरा गर्न सबै एकजुट हुनुको विकल्प नभएको दोहोऱ्याइन् ।

मन्त्री राणाले विदेशमा रहेर नेपालप्रति देखाएको भावना आफूले बुझेको उल्लेख गर्दै विश्वमा नेपाली संस्कृति, खाना र पहिचानलाई फैलाउन निर्वाह गरेको भूमिका सराहनीय भएको बताइन् । उनले नेपालसँग स्रोतसाधन भए पनि विश्वमा विकास भइरहेको प्रविधि, नयाँ व्यवस्थापकीय कला र पुँजीको अभाव भएकाले त्यसको पूर्ति गैरआवासीय नेपालीहरूले गर्न सक्ने बताइन् । उनले गैरआवासीय नेपालीहरूलाई नेपालमा लगानी बढाउन आग्रह गर्दै आर्थिक सुधारको बाटोमा सहकार्य गर्न आवश्यक रहेकामा जोड दिइन् । मन्त्री राणाले परराष्ट्र मन्त्रालयले पनि नेपाली डायस्पोरालाई हेर्ने एकाइ गठन गरेको उल्लेख गर्दै त्यसबाट सहजीकरण तथा सेवा सुविधा उपलब्ध गराउन आफू प्रतिबद्ध रहेको बताइन् । 'अहिले एनआरएन कार्डको पनि विषय चलिरहेको छ, यस विषयमा अहिले मसौदा बन्दै छ ।

मसौदामा धेरैभन्दा धेरै सेवा सुविधा समावेश गर्ने गरी काम भइरहेको छ,' उनले भनिन् ।

# ब्रिटिस गोर्खालगायतलाई नागरिकता दिन संविधान र कानुन संशोधनको सुझाव

**सौर्य समाचार**

काठमाडौं । ब्रिटिस गोर्खालगायत विभिन्न कारणले बिदेसिएका नेपाली नागरिकलाई पुनः नेपाली नागरिकता प्रदान गर्न संविधान र कानुनमा संशोधन आवश्यक रहेको धारणा सरोकारवालाहरूले व्यक्त गरेका छन् । शनिबार ब्रिटिस गोर्खा नेपाली नागरिकता निरन्तरता अभियान बेलायत नेपालले आयोजना गरेको 'सुगौली सन्धि र नेपालमा नागरिकतासम्बन्धी अन्तर्क्रिया कार्यक्रम'मा सहभागी वक्ताहरूले नेपाली नागरिकको पहिचान जोगाउन तथा राज्यविहीन बन्न नपरोस् भन्ने उद्देश्यले नागरिकता ऐनमा सुधार आवश्यक रहेको बताएका हुन् ।

कार्यक्रममा प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिका सभापति रामहरि खतिवडाले नागरिकता विधेयक समितिमा आइसकेको जानकारी दिँदै भने, 'कानुन बनाउँदा राजनीतिक गन्ध आउनु हुँदैन । आमाको नाममा आधारित भएर नागरिकता दिनुपर्ने माग आएको छ ।

गृह मन्त्रालय पनि संशोधनको जुनसुकै प्रकार स्वीकार गर्न तयार छ ।' उनले बिदेसिएका नेपालीलाई नेपाल सम्भव छ भन्ने अनुभूति दिलाउन नागरिकता ऐन ल्याउनु आवश्यक रहेको उल्लेख गरे । 'हामी कुनै पनि नेपाली नागरिक देशविहीन नहोस् भन्ने दृष्टिकोणमा छौं,' उनले भने ।

शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति सभापति अमरबहादुर बुढाले संविधानअनुकूल ऐन बनाइनुपर्ने आवश्यकता औंल्याउँदै भने, 'राज्यले सम्झौताका आधारमा पठाएका नेपालीलाई पछि नागरिकता नदिने भन्ने मिल्दैन । संविधानसँग नबाझिने गरी कानुन निर्माण हुनुपर्छ ।'

त्यस्तै, संविधानविद् डा. चन्द्रकान्त ज्ञवालीले संविधानले दुइटा नागरिकता दिन नपाउने व्यवस्था गरेकाले यसको समाधान कानुनबाट खोज्नुपर्ने बताए । उनले भने, 'विदेशमा जन्मिएका ब्रिटिस गोर्खा सन्ततिलाई वंशजका आधारमा स्वतः नेपाली नागरिकता दिन सक्ने कानुनी व्यवस्था गर्नुपर्छ । यसले पुँजी पलायन रोकिनेछ र विदेशी मुद्राको भुक्तानी राष्ट्र बैंकमार्फत् हुने सम्भावना रहन्छ ।'

सांसद राजेन्द्र पाण्डेले नागरिकता विधेयकमाथि छलफल सुरु भइसकेको बताउँदै प्रारम्भमै सरोकारवालाहरूलाई बोलाएर सुनुवाइ गरिने आश्वासन दिए । सांसद दिलेन्द्र बडूले आफ्नै भूमिमा नागरिकताको खोजी गर्दै हिँड्नुपर्ने अवस्था दुःखद् भएको बताए । सांसद अशोक राईले नागरिकता ऐन सबै नेपालीलाई समेट्ने गरी निर्माण गर्नुपर्ने उल्लेख गरे । 'नागरिकता सजिलो बनाउँदा दुरुपयोग हुने डर भए पनि प्रक्रियागत हिसाबले कसरी दिने भन्नेबारे गम्भीर छलफल भइरहेको छ,' उनले भने ।

सांसद प्रकाश अधिकारीले राज्यका लागि लडेका नेपालीले पनि नागरिकता नपाउनु विडम्बनापूर्ण रहेको बताए । उनले बिदेसिएका नेपालीलाई फिर्ता ल्याउन नागरिकताको व्यवस्था आवश्यक रहेको धारणा राखे । सांसद भानुभक्त जोशीले ब्रिटिस गोर्खाहरू नेपाली नै भएकाले उनीहरूलाई पहिचानअनुरूप नागरिकता दिनुपर्नेमा जोड दिए । 'उनीहरूले स्वेच्छाले होइन, राज्यको नीतिअनुसार नागरिकता त्यागेका थिए, त्यसैले कानुनी बाटोबाट नागरिकता दिनुपर्छ,' उनले भने ।

ब्रिटिस गोर्खा नेपाली नागरिकता निरन्तरता अभियान बेलायत–नेपालका संयोजक फुर्पा शेर्पाले अन्तर्क्रिया सफल भएको बताए । प्रमुख सल्लाहकार कृष्णबहादुर राईले बिदेसिएका नेपालीका सन्तानले जन्मसँगै नागरिकता नपाउनु अन्यायपूर्ण रहेको धारणा राखे । कार्यक्रमको सञ्चालन सचिव फुलाक्पा शेर्पाले गरेका थिए ।

# संविधान जारी भएयता बने २१४ ऐन

**सौर्य समाचार**

काठमाडौं । कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियाले संविधान जारी भएपछि हालसम्म २१४ ऐन बनाइसकेको जानकारी दिएका छन् । आन्तरिक मामिला तथा कानुन मन्त्रालय, बाग्मती प्रदेश र फेडरलिज्म एन्ड लोकलाइजेसन सेन्टरले आयोजना गरेको 'विधायिक अन्तरसम्बन्ध र कानुनको मापन' अन्तर्क्रियामा उनले आवश्यकताअनुसार कानुन बनाउने काम भइरहेको बताए ।




उनले भने, 'आवश्यकताअनुसार थप कानुन बनाउने काम पनि भइरहेको छ । अब संघीय सरकारले कानुन बनाउँदा व्यवस्थित ढंगले सरोकारवालासँग छलफल गरेर मात्रै बनाउनेछ ।

प्रदेश, अन्तरसम्बन्धित, स्थानीय तहसम्बन्धी कानुन बनाउँदा विज्ञको सुझावका आधारमा बनाइनेछ ।'

देशको वर्तमान व्यवस्थामाथि प्रहार गर्ने काम भइरहेको उल्लेख गर्दै मन्त्री चौरसियाले तीनै तहबीचको सहकार्य, समन्वय र सहमतिमै देशमा भइरहेको भ्रष्टाचारको अन्त्य गर्नुपर्नेमा जोड दिए । उनले भने, 'स्थानीय, प्रदेश र संघीय गरी ३ तहको अधिकारको सम्बन्धमा संविधानले नै व्यवस्था गरेको छ । यसको विषयमा धेरै कम मात्रै विवाद छ । केही साझा अधिकारको विषय छ, त्यस सम्बन्धमा तीनै तहले आआफ्नो आवश्यकताअनुसार कानुन बनाउने कुरा तोकिएको छ, त्यो काम भइरहेको छ ।' स्थानीय सरकारलाई अझै व्यवस्थित गर्दै अनुशासनमा ल्याउने काममा गाउँपालिका महासंघ र नगरपालिका महासंघले भूमिका निर्वाह गर्नुपर्ने मन्त्री चौरसियाको भनाइ छ । उनले संघीय सरकारले कानुन बनाउँदा स्थानीय र प्रदेश सरकारको अधिकार कटौती गर्नेभन्दा पनि सुरक्षित गर्ने प्रतिबद्धता व्यक्त गरे ।

मन्त्री चौरासियाले जनताको आवश्यकताका आधारमा छलफलको माध्यमबाट सबै राजनीतिक दलको सहमतिमा मात्रै संविधान संशोधन हुने विश्वास पनि व्यक्त गरे । समानुपातिक निर्वाचन प्रणालीलाई असर नपर्ने गरी कानुन संशोधन हुने उनको भनाइ छ ।

त्यस अवसरमा राष्ट्रियसभा उपाध्यक्ष विमला घिमिरेले संविधानले व्यवस्था गरेको शासकीय संरचना, संघीयता र कानुनी पूर्णताका लागि न्यूनतम आवश्यक कानुन निर्माणमा ढिलासुस्ती गर्न नहुने बताइन् । उनले संविधानमा कतिपय राम्रा व्यवस्था हुँदाहुँदै पनि प्रभावकारी कार्यान्वयन नहुँदा प्रतिफलमुखी हुन नसकेको उल्लेख गरिन् ।

बाग्मती प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछानेले प्रदेश सरकारलाई अझै सक्रिय बनाउन संघीय सरकारले निजामती, शिक्षा र प्रहरीलगायत आवश्यक कानुन जतिसक्दो चाँडो बनाउनुपर्नेमा जोड दिए ।

# गणतन्त्र स्थापनामा मगर समुदायको योगदानको सराहना

**सौर्य समाचार**

ललितपुर । पूर्वउपराष्ट्रपति एवं नेकपा (माओवादी केन्द्र)का उपाध्यक्ष नन्दकिशोर पुनले गणतन्त्र स्थापनामा मगर समुदायले गरेको योगदानको सराहना गरेका छन् । चांगाथलीमा आयोजित माओवादी केन्द्र निकट मगर राष्ट्रिय मुक्ति मोर्चाको बाग्मती प्रदेशको दोस्रो सम्मेलनमा उनले आफ्ना अधिकार स्थापित गर्न समुदायका सबै एकताबद्ध हुनुपर्नेमा जोड दिए । संसद्मा पनि आफ्नो पार्टी सशक्त रहेको चर्चा गर्दै माओवादी केन्द्रले सञ्चालन गरेको तराई–मधेस जागरण अभियानप्रति जनताबाट रचनात्मक प्रतिक्रिया प्राप्त भएको बताए । पार्टीका केन्द्रीय सदस्य हरि दाहालले जनवर्गीय संगठनको क्रियाशीलताले पार्टी सबल बन्ने बताए ।

मोर्चाका महासचिव जीवन मगरले देशको राजनीतिक परिवर्तनमा मगर समुदायको योगदान बिर्सन नहुने बताए । सचिव केशव मगरले सबै जनवर्गीय संगठनलाई पार्टी नेतृत्वले एकताको सूत्रमा आबद्ध गर्नुपर्नेमा जोड दिए ।

**बिमालेख हराएको सुचना**

सन नेपाल लाईफ इन्स्योरेन्स कम्पनी बाट जारी भएको बिमालेख
बिमितको नाम : **माईली राई**
बिमा लेख नम्बर: **३०३०००००७६७**
जारी मिति : **2018/09/10**
हराएको मिति : **2024/12/24**
ठेगाना : **बाह्रबिसे ३- सिन्धुपाल्चोक**

**गौरादह नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**गौरादह, झापा**
**कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मिति : २०८२/०१/२१**

यस कार्यालयबाट तपसिल बमोजिमको कार्य गर्न मिति २०८१/१२/१२ गते राष्ट्रिय स्तर दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार तपसिल बमोजिम बोलपत्र आह\वान गरिएकोमा देहाय अनुसार ठेक्कामा निम्न बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही देखिएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ तपसिल बमोजिम बोलपत्र स्वीकृत आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | ठेक्का नं. | कार्य विवरण | स्वीकृत बोलपत्र दाताको नाम र ठेगाना | स्वीकृत रकम रु (भ्याट सहित) |
|---|---|---|---|---|
| १. | GMO/W/NCB/RG/11/081-082 | CONSTRUCTION OF NEWAR TOL WEST-SOUTH ROAD UPGRADATION WORKS WARD NO 04,JORGHARE INNER ROAD SECTION UPGRADATION WORKS WARD NO 04 AND SINGARAGE (NEARBY HOME)DAMUNA KHOLA SCOURING PREVENTION MEASURES WARD NO 06 | श्री सम्पूर्ण कन्स्ट्रक्सन एण्ड सप्लायर्स, रतुवामाई नगरपालिका वडा नं ०८,मोरङ | 30,44,093.77 |
| 2 | GMO/W/NCB/BW/6/081-082 | CONSTRUCTION OF WARD OFFICE COMPOUND WALL AND EARTH FILLING WORKS,WARD NO 09,JHAPA | श्री सगरमाथा भगवती कन्स्ट्रक्सन, कमल गा.पा.-०१ झापा | 34,41,757.14 |

**प्रमुख प्रशासकीय अधिकृत**